# त्रियुगा नगरपालिकाको आ.ब.०८२/८३ को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रममा हार्दिक स्वागत छ ।

सहजिकरण
रौतामाई नेटवर्क प्रालि

आयोजक
त्रियुगा नगरपालिका

- सार्वजनिक सुनुवाईको कार्यक्रम
- सार्वजनिक सुनुवाईको महत्व र आवश्यकता र आचार संहिताको बारेमा प्रस्तुती
- भिडियो प्रस्तुती
- नागरिक प्रतिवेदनका लागि सन्तुष्टि वा असन्तुष्टि जनाउनेहरुको विवरण प्रस्तुती
- सहभागीहरुको प्रश्नोत्तर
- नगरप्रमुखबाट प्रश्नको उत्तर
- समापन

# सार्वजनिक सुनुवाई नागरिक मैत्री कार्यक्रम हो ।

स्थानीय सरकारको सामाजिक जिम्मेवारी, दायित्व,र जवाफदेहीता हो । नागरिक सर्बोच्चताका लागि सूचनाको हक प्रयोग गर्ने स्थान हो ।

सार्वजनिक सुनुवाईले कार्यसम्पादनमा बढोत्तरी सहयोग, अनुदान लगाएतमा बृद्धि हुन्छ ।

सुशासनका लागि एउटा राम्रो संयन्त्र हो ।

यो सर्बोच्च चासोको बिषय पनि हो ।

## सार्वजनिक सुनुवाई किन ?

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावना अनुसार

जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता,सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने भन्नेछ। यसको मापन गर्न सुनुवाइ जरुरी छ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्ने।

त्रियुगा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ छ।

# स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणली कार्यान्वयन गर्नु पर्ने :

७८. **आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने** : (१) स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(५) गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

# त्रियुगा नगरपालिका

# सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७९

त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं. प्रदेश

२०७९

# त्रियुगा नगर कार्यपालिकाको मिति २०७९/०९/२७ र

# दशौं नगरसभा (मिति २०७९/०९/२९) बाट पारित

## प्रस्तावना

नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोपको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चतता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहीता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को प्रयोजनको लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

# स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

**प्रस्तावनाः** सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ।

# स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधी २०८२ (एलजी पास) (पहिले लिजा)

को सार्वजनिक कामको नागरिक परीक्षण अन्तरर्गत सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा १ पटक गर्नु पर्नै व्यवस्था छ ।

# नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको मापदण्ड (नेराप) नम्बर २

### स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३

**प्रस्तावना** : स्थानीय तहबाट प्रवाह हुने सेवालाई पारदर्शी, उत्तरदायी तथा विश्वसनीय बनाई नागरिक केन्द्रित गुणस्तरीय सेवाको सुनिश्चितताका लागि सेवाको गुणस्तर प्रमाणीकरण गर्न आवश्यक भएकोले,

नेपाल सरकारले यो मापदण्ड जारी गरेको छ।

## स्थानीय तहबाट प्रवाह हुने सेवाको गणस्तर प्रमाणिकरण मापदण्ड २०८३ ले

बुदाँ नम्बर ४ को पारदर्शिता र उत्तरदायित्व शिर्षकमा प्रत्येक चौमासिकमा अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था छ ।

सार्वजनिक सुनुवाईबाट आएका सुझावहरुको सम्बोधन गरेर अभिलेख राख्नु पर्छ । अभिलेख नराखेमा नम्बर कटौती हुने व्यवस्था छ ।

स्थानीय सरकार

नगरपालिकाले तेस्रो पक्ष

मार्फत नियमित सार्वजनीक

सुनुवाई गर्दै आएको छ ।

# सार्वजनीक सुनुवाई उद्देश्य

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा,वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने यस सार्वजनिक सुनुवाई कार्यको उद्देश्य रहनेछ ।

# सार्वजनीक सुनुवाई प्रकिया

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय सरकारका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुल्ला हाका हाकि छलफल वा प्रश्न-उत्तर गर्ने प्रक्रियालाई जनाउँछ । यस प्रक्रियामा प्रश्न गर्नु आधा काम हो भने त्यसको जवाफ दिनु बाँकी काम हो ।

# सार्वजनीक सुनुवाई विधि

१ सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरु संग सम्पर्क, सहभागिहरुको चयन, मिति समय र स्थानको छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा) गर्ने,

२ सार्वजनिक सेवा प्रवाह, नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने

४ प्रतिवेदन तयार गर्ने

# सार्वजनीक सुनुवाई आजको छलफलको बिषय

१ संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको वारेमा सन्तुष्टी असन्तुष्टी सार्वजनिक गर्ने/जानकारी गराउने ।

२ सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।

४ सामाजिक जिम्मेवारी तथा न्यूनतम शर्त तथा कार्य सम्पादन मापन पुरा गर्ने ।

५ सूचनाको हक र सुशासन संस्कारको बिकास गर्ने ।

# सार्वजनीक सुनुवाई आजको उद्देश्य

- संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टी असन्तुष्टी जे छ खुल्ला राख्ने ।
- सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
- सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
- नगरिक बडापत्र,उजुरी पेटिका, गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
- सिफारिस, पूर्वाधार तथा सरसफाई, आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
- हाका-हाकी प्रश्न उत्तर तथा छलफल गर्छौं ।

# सार्वजनीक सुनुवाई आचारसंहिता

- यस अवसरलाई ब्यक्तिगत रिसवी साध्ने मौकाकोरुपमा नलिने,
- अरुको बिचारको सम्मान गर्ने, सुन्ने धैर्यता राख्ने बाहिर भित्र नगर्ने,
- सहभागी सबैलाई बोल्ने अवसर छ,बोल्नका लागि हात उठाएर सङ्केत गर्ने,
- आफ्नो परिचय दिने र सेवा प्राप्त गर्दाको अनुभव बिषयवस्तु भित्र रहेर सत्य तथ्य केन्द्रित भएर बोल्ने,
- बक्ताहरुले पनि भुमिका नवाँधी सहभागिहरुले सोधेका प्रश्नहरुको जवाफ स्पष्टसँग शालिनतापूर्वक बिषयकेन्द्रित भएर दिनुपर्नेछ ।
- सहभागिले बिचार वा प्रश्न के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

क्रमस

# सार्वजनीक सुनुवाई आचारसंहिता

- संचालकले बोल्ने संङ्केत गरेपछि मात्र बोल्नु पर्ने छ ।
- तोकिएको समय भन्दा बढि बोल्न पाईने छैन ।
- आफूभन्दा पहीलेका सहभागिले बोलेका कुरालाइ दोहऱ्याउन पाइने छैन ।
- चित्त नबुझेका थप कुरा संचालकको अनुमतिलिएर राख्न पाइनेछ ।
- संचालकाले प्रस्तुति रोक्न अनुरोध गरेपछि तत्काल रोक्नु पर्ने छ र
- सुनुवाइलाई बिषयान्तर हुनुबाट बचाउन सबै सहभागिहरुले सहयोग गर्नु पर्ने हुन्छ ।


धन्यवाद